दिगो विकास र आत्मनिर्भरतासहित समृद्ध ओखलढुङ्गा निर्माण हाम्रो उद्देश्य ।
पहिचान, संघीयता सबलीकरण र सुशासनसहित राजनैतिक स्थायित्व हाम्रो लक्ष्य ॥






संघीय प्रतिनिधिसभा
निर्वाचन २०८२
फागुन २१

## ओखलढुङ्गाबाट प्रतिनिधिसभाका
## साझा उम्मेदवार अम्बिरबाबु गुरुङ को

# प्रतिवद्धता-पत्र

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)
जनता समाजवादी पार्टी-नेपाल (जसपा)
निर्वाचन प्रचारप्रसार समिति,
ओखलढुङ्गा

# अम्बिरबाबु गुरूङलाई तारामा भोट किन?

- भ्रष्टाचार मुक्त र सुशासन युक्त ओखलढुङ्गा निर्माण गर्ने
- जेन्जी युवा पुस्ताको माग र देशको आवश्यकता अनुसार संविधान संशोधन र कानून निर्माण गर्ने
- ओखलढुङ्गाको समृद्धिका लागि गौरवका योजना सञ्चालन गर्ने र अधुरा आयोजना पुरा गर्ने
- गाउँ र सहरलाई जोड्न जिल्लाका ८ वटै स्थानीय तह समेटेर उच्चस्तरीय चक्रपथ (रिङरोड) निर्माण गर्ने
- जिल्लाका ८ वटै स्थानीय तह र ७५ वटै वडामा विकास पुऱ्याउन
- जिल्लाका मुख्यसडकहरू कालोपत्रे र सडक पुलहरू निर्माण गर्ने
- ग्रामिण तथा कृषि सडकहरू निर्माण एवम् स्तरोन्नती गर्ने
- सबै घरमा केन्द्रीय विद्युत विस्तार गरेर उज्यालो ओखलढुंगा निर्माण गर्ने
- एक घर एक धारा खानेपानीको व्यवस्था गर्ने
- कृषिको आधुनिकिकरण र व्यवसायिकरण गर्ने
- सामुहिक खेतीप्रणालीको विकास गर्ने
- स्थानीय उत्पादनको बजारीकरण गर्ने
- पशुपालन व्यवसाय प्रबर्द्धन गर्ने
- उद्योग कलकारखाना स्थापना गर्ने
- युवालाई गाउँघरमै स्वरोजगार र उद्यमी बनाउन
- पर्यटकीय क्षेत्रको पूर्वाधार विकास र प्रचारप्रसार गर्ने
- स्थानीय समुदायको भाषा, संस्कार र संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने
- सामुदायिक विद्यालयको शैक्षिक विकास र गुणस्तर सुधार गर्ने
- गाउँघरमै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने
- ओखलढुङ्गा सदरमुकाम बजारलाई नमूना सहरका रूपमा विकास गर्ने
- पालिका पालिकामा एकिकृत बस्ति विकासको अवधारणा लागू गर्ने
- महिला, दलित र सिमान्तकृत वर्गसहित सबै नागरिकलाई संविधान प्रदत्त हक अधिकार दिलाउन
- सरकारी सेवा सुविधाको गुणस्तर वृद्धि गर्ने
- संघीयतालाई बलियो बनाउन
- प्रदेश र स्थानीय तहलाई थप अधिकार दिन र स्रोत साधन सम्पन्न बनाउन
- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र विज्ञ समूहको सहभागितामा सरकार बनाउन
- पूर्ण समानुपातिक निर्वाचन प्रणालि लागू गर्ने

# प्रतिबद्धता-पत्रको सार

१. **पूर्वाधार क्रान्ति (Infrastructure Revolution)**

- ✪ कालोपत्रे सडकः ओखलढुङ्गाका ८ वटै पालिका केन्द्रलाई पक्की सडकले जोड्ने 'कनेक्टिभिटी' अभियान ।
- ✪ अधुरा योजनाहरु पूरा गर्ने ।
- ✪ उज्यालो ओखलढुङ्गाः राष्ट्रिय प्रसारण लाइन नपुगेका बस्तीमा विद्युतीकरण र नवीकरणीय ऊर्जाको विस्तार गरी ओखलढुंगालाई पूर्ण रूपमा उज्यालो बनाउने ।

२. **कृषिमा आधुनिकीकरण (Modernizing Agriculture)**

- ✪ किसान पेन्सन र बिमाः साना किसानका लागि व्यावसायिक सुरक्षा र कृषि उत्पादनको ग्यारेन्टी गर्ने ।
- ✪ एक गाउँ, एक उत्पादनः सुन्तला, आलु र किवी जस्ता नगदे बालीको पकेट क्षेत्र घोषणा गरी 'ब्रान्डिङ' र बजार व्यवस्थापन गर्ने । र, तल्लो तटिय क्षेत्रमा आप, कटहर, लिची, एभोकाडोको प्रवर्द्धन गर्ने ।

३. **शिक्षा र स्वास्थ्यः मौलिक अधिकार (Health & Education)**

- ✪ घरदैलोमा उपचारः विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर र जिल्ला अस्पतालको सुदृढीकरण गर्ने ।
- ✪ प्रविधिमैत्री शिक्षाः सामुदायिक विद्यालयमा 'स्मार्ट क्लास' र प्राविधिक शिक्षा **(Technical Education)** मा छात्रवृत्तिको व्यवस्था गर्ने ।

४. **पर्यटन र रोजगारी (Tourism & Employment)**

- ✪ थोलेदेम्बा, सेप्ली, कोषहाट, रातमाटे, तीनछाँगे, सेप्ली रातमाटे झरना, पोकली प्रवर्द्धनः पर्यटकीय गन्तव्यहरूको विकास गरी घरबास **(Home Stay)** मार्फत स्थानीयलाई रोजगारी सिर्जना गर्ने ।
- ✪ युवा स्टार्टअपः स्वरोजगार बन्न चाहने युवाहरूका लागि बिना धितो सहुलियतपूर्ण ऋण र सीपमूलक तालिम दिने ।
- ✪ ओखलढुङ्गा सदरमुकाम बजारलाई मौलिक संस्कृतिको संरक्षणसहित नमूना सहरको रूपमा विकास गर्ने ।

## ५. पारदर्शी नेतृत्व (Transparent Leadership)

- ✪ सुशासनको सुनिश्चितताः भ्रष्टाचारमुक्त प्रशासन र विकास आयोजनाहरूको डिजिटल अनुगमनको व्यवस्था गर्ने ।
- ✪ प्रत्यक्ष सम्पर्कः जनताका गुनासा सुन्न 'सांसदसँग नागरिक' कार्यक्रमको नियमित आयोजना गर्ने ।

**ओखलढुंगाले अम्बिरबाबु गुरूङलाई किन जिताउने ?**

- ✪ **अनुभव** : प्रदेश सांसद र मन्त्रीका रूपमा सफल कार्यकाल पूरा गरेको ।
- ✪ **ईच्छाशक्ति** : बोलेको कुरा पूरा गर्ने, निडर स्वभाव, स्वच्छ छवि भएको ।
- ✪ **योजना** : ओखलढुङ्गालाई दिगो विकासको लक्ष्य अनुसार समृद्ध बनाउने स्पष्ट खाका भएको ।

ओखलढुङ्गा ओझेलमा पर्‍यो, विकासमा पछाडि नै रह्यो भन्ने भाष्यलाई प्रदेशसभा सदस्य रहँदा अन्त्य गर्दै समृद्ध ओखलढुङ्गाको खाका कोर्दै दीर्घकालीन महत्वका मुख्य आयोजनाहरू सडक, सडकपुल, सामुदायिक भवन, लिफ्टिंग खानेपानी र सिँचाईका आयोजनाहरू, कृषि, वन, शिक्षा, स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम, खेलकुद मैदान, रंगशाला, पर्यटकीय पूर्वाधारहरू जस्ता महत्वपूर्ण आयोजनाका लागि अरबौं बजेट व्यवस्थापन गरी विकासको मूल फुटाउँदै विकासवादी नेताको पहिचान बनाएको !

**जस अन्तर्गत**

- ✪ २८ वटा भन्दा बढी सडकका लागि ७ अर्ब
- ✪ १५ भन्दा बढी झोलुङ्गे पुल निर्माण योजना आरम्भ
- ✪ सहरी विकास तथा आवास तर्फ १८ करोड
- ✪ अन्य विभिन्न प्रतिष्ठान, सामुदायिक भवनलगायत समुदायको मागमा आधारित कार्यक्रमका लागि ६२ करोड
- ✪ खानेपानी तथा सिचाँइ योजनाका लागि ५४ करोड
- ✪ पर्यटन तथा खेलकुद शिर्षकमा १२ करोड

✪ सामाजिक विकास तथा पूर्वाधार निमार्णका क्षेत्रमा समेत विस्तृत परियोजना प्रतिवेदन बनाएर योजना अघि बढाएको लगायतका विगतमा गरेका ऐतिहासिक कामको मूल्याङ्कन गर्दै आगामी दिनमा अघि सारेका गौरवमय योजना सम्पन्न गर्न नेकपा र जसपा नेपालका साझा उम्मेदवार अम्बिरबाबु गुरूङलाई 'तारा' चिन्हमा मतदान गरि अत्याधिक मतले विजयी गराऔं ।

**'तपाईंको अमूल्य मत, ओखलढुङ्गाको उज्ज्वल भविष्यका लागि ।'**

**आदरणीय ओखलढुङ्गावासी आमा-बुबा, दिदीबहिनी तथा दाजुभाइहरू**
**हार्दिक अभिवादन** !

मुलुकको सामाजिक, राजनैतिक परिवर्तनका लागि पटक-पटक भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, आदिवासी जनजातिहरूको पहिचानको आन्दोलन र पछिल्लो समय भएको नवयुवा (जेन्जी) पुस्ताको आन्दोलनको क्रममा जीवन आहुती दिनुहुने सम्पूर्ण महान सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना र वेपत्ता भएका परिवारहरू प्रति गहिरो सहानुभूति प्रकट गर्दछौं ।

**आदरणीय मतदाताज्यूहरू,**

भाद्र २३ र २४ गते भएको नवयुवा (जेन्जी) पुस्ताको आन्दोलन पश्चात् मुलक यति बेला संघीय प्रतिनिधिसभाको निर्वाचनमा होमिएको छ । यही फागुन २१ गते हुने संघीय सांसद (प्रतिनिधीसभा) को निर्वाचनमा सकृयताका साथ सहभागि भई निर्वाचन सम्पन्न गरी सही नेतृत्व चयन गर्नुपर्ने दायित्व यतिबेला हाम्रो काँधमा छ । निर्वाचनमा उत्साहपूर्वक सहभागिताका लागि सम्पूर्ण ओखलढुङ्गाबासी आमाबुबा, दाजूभाई तथा दिदीबहिनीहरूमा हार्दिक आह्वान गर्दछौं ।

यस निर्वाचनबाट योग्य प्रतिनिधी चयन गरी संविधानको परिकल्पना र नवयुवा पुस्ताको आन्दोलनको 'म्यान्डेट' अनुसार समाजवाद उन्मुख मुलुक निर्माण गर्ने आधारसहित न्यायपूर्ण समाज निर्माणका लागि सामाजिक, आर्थिक रूपान्तरण 'कृषि, पर्यटन, भौतिक पूर्वाधार, शिक्षामा सवलीकरण' गर्ने अठोट

परिपूर्तिका लागि समग्र जिल्लाबासीहरूमा साथ, सहयोग, योगदान र मतदानका लागि अपिल गर्दछौं ।

विशेष गरी यथास्थितीबादी र पुरातनबादी शक्तिहरू संविधानसभामार्फत जारी भएको संविधानमा व्यवस्था भएका धर्म निरपेक्षता, संघीयता, समानुपातिक, समावेशीतालाई अहिलेपनि स्वीकार्न आनाकानी गरिरहेका छन् । एकात्मक राज्य व्यवस्थाकै पक्षमा वकालत गर्दै मुलुकलाई फेरी परिवारवादमा फर्काउन अनेकौं षड्यन्त्रहरू रचिरहेका छन् । कतिपय नयाँ र लोकतान्त्रिक पार्टीहरू समेत मुलुकलाई एक धर्म, एक व्यक्ति, एक भाषाका पक्षमा आन्तरिक रूपमा बहस र मत निर्माणका लागि भ्रम सिर्जना गरिरहेका छन् । मुलुकको वर्तमान विषम परिस्थितीको फाइदा उठाउँदै भइरहेको चलखेल र संविधानमाथिको चौतर्फी आक्रमणलाई रोक्दै समयसापेक्ष रूपमा भएका परिवर्तनलाई संस्थागत गरी उत्पीडित वर्ग, पछाडि पारिएको समुदाय, दलित, आदिवासी समुदायको अधिकार स्थापित गर्दै सबैको समान पहुँच र हैसियत स्थापना गर्नु अहिलेको टड्कारो आवश्यकता हो ।

नेपालमा भएका पछिल्ला हरेक परिवर्तनमा नेपाली कम्युनिष्ट पार्टी र जनता समाजवादी पार्टी नेपालका नेता कार्यकर्ताको ठुलो योगदान छ । लामो संघर्ष, बलिदानीबाट प्राप्त उपलब्धि र संविधानमा भएका प्रगतीशिल व्यवस्थाहरूको रक्षा गर्दै अघि बढ्न यथास्थितीवादी र पुरातनवादी सोच भएका राजनैतिक दलको विकल्प नै हाम्रो पार्टी र हामीले अघि सारेका उम्मेदवार भएकाले प्राप्त उपलब्धिहरू संस्थागत गर्न हामी प्रतिबद्ध छौं । हामीले लडेर ल्याएको व्यवस्था जोगाउन र युवा पुस्ताले उठाएको मुद्दा स्थापित गर्न हाम्रै उम्मेद्वारले जित्नु पर्दछ । जेन्जी युवाको प्रदर्शनमा दमन गर्ने र युवा विद्यार्थी माथि गोली चलाउने, देशका महत्वपूर्ण भौतिक संरचना क्षति गर्ने जस्ता सामाजिक रूपमा निन्दनीय र कानूनी रूपमा दण्डनीय कार्य गर्ने गराउनेहरूले नै पुनःसत्ता सञ्चालन गर्ने परिस्थिती निर्माण भए फेरि पनि अस्थिरता कायमै रहने खतरा रहन्छ ।

निर्वाचनदेखि निर्वाचनसम्म तयार हुने आदर्श नारा, मिठा भाषण, राम्रो आशनको खोजीमा भौतारिँदै कार्यकाल व्यतित् गरेका विगतको इतिहासलाई दोहोरिन नदिने संकल्पका साथ समयसापेक्ष रूपमा विकासका पूर्वाधार, नीति निर्माण, नागरिकको सुख र खुसीका लागि कृयाशिल रहने जनप्रतिनिधि चयन गरी पठाउने दायित्व

सम्पूर्ण आदरणीय ओखलढुंगेली जनसमुदायहरूको काँधमा आइपरेको छ ।

वर्तमान संक्रमणकालिन राजनैतिक अवस्थामा देखिएका विभिन्न उत्तरचढाप, नयाँ स्थापना भएका दलहरूमा देखिएका सैद्धान्तिक, वैचारिक अन्यौलता, नवयुवा पुस्ताको आवाज समेट्न नसक्ने राजनैतिक नेतृत्वको विकल्पसहित आन्दोलनले अघि सारेका परिवर्तनका मुद्धाहरू स्थापित गरी संविधानमा भएका व्यवस्थाहरू संस्थागत गर्न चुनौती सिर्जना हुने शंसयलाई अन्त्य गर्दै सबै परिवर्तनकामी शक्तिहरू एकजुट भई राष्ट्रोन्नती र समृद्ध जिल्ला निर्माणका खातिर एकताबद्ध भई अघि बढ्नु पर्दछ ।

संविधान संशोधन गरी जेन्जी पुस्ताले उठाएका मागलाई संबोधन गर्दै विशेष गरी पहिचान सहितको संघीयता, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित राष्ट्रपति पद्धतीलाई अघि सार्न आगामी निर्वाचनमा नेकपा र जसपा नेपालका साझा उम्मेद्वार अम्बिरबाबु गुरूङलाई अत्याधिक बहुमतका साथ विजयी गराउनु हुन अपिल गर्दछौं ।

**१. नीतिगत सुधार**

क) संघीय सांसदको मुख्य जिम्मेवारी समयसापेक्ष नीति निर्माण गरी कार्यान्वयनका लागि सरकारलाई मार्गदर्शन प्रदान गर्ने हो । संविधानले परिकल्पना गरे अनुसार मुलुकलाई अघि बढाउन अझैपनि कयौं कानूनहरू निर्माण हुन सकेका छैनन् । प्रदेश र स्थानीय तहलाई अधिकार दिने सन्दर्भमा समेत संघीय सरकारले कन्जुस्याँई गर्दा सिंह दरबारको अधिकार गाउँ गाउँमा अझै आइपुग्न सकेको छैन । यस सन्दर्भमा कानून अभावका कारण प्रदेश र स्थानीय तहले संविधानले दिएको अधिकारलाई समेत सदुपयोग गर्न पाएका छैनन् । तीनै तहको सरकारबीच रहेका विविध समस्याहरूलाई समाधान गर्न नीति निर्माण तहमा व्यापक छलफल, बहस र पहल गर्दै संघीय राज्य व्यवस्थालाई अझ सुदृढ र सवलीकरण गर्नु जरूरी छ । आगामी प्रतिनिधिसभा निर्वाचनमा हामीले अघि सारेका उम्मेदवारलाई विजयी गराएर राज्य संरचना सञ्चालका बाधा अड्काउ फुकाउँदै सबै क्षेत्र र वर्गलाई अधिकारसम्पन्न बनाउन यहाँको अमूल्य मतको अपेक्षा गर्दछौं ।

ख) पहिलो संविधानसभाले परिकल्पना गरेको पहिचान सहितको संघीयताको पक्षमा हाम्रो पार्टी (नेकपा र जसपा नेपाल) दृढ छ । पहिचानसहितको संघीयताको

मागसहित आदिवासी जनजाति, उत्पीडित वर्गहरू सडकदेखि सदनसम्म आन्दोलनमा छन् । आन्दोलनरत पक्षको मागलाई वेवस्ता गरेर अघि बढ्दा मुलुकमा दिगो राजनैतिक स्थायित्व र शान्ति अमनचयन कायम हुन सक्दैन । यस्ता राष्ट्रिय राजनीतिको विषयलाई समेत समन्वयात्मक रूपमा माध्यमार्गी भूमिका खेल्न सक्ने प्रतिनिधिहरूको खाँचो छ । उक्त कार्यका लागि उपयूर्क्त पात्र हामीले अघि सारेको उम्मेद्वार अम्बिरबाबु गुरूङ नै हुनुहुन्छ ।

ग) आदिवासी जनजातिहरूको प्रथाजनित कानूनहरूलाई संरक्षण गर्दै आइएलओ १६९ ले दिएका अधिकारहरू कार्यान्वयन गर्न सर्वोच्च अदालतले समेत नेपाल सरकारलाई निर्देशात्मक आदेश दिइसकेपनि कार्यान्वयनका लागि आवश्यक कानून संघीय संसदबाट बन्न सकेको छैन । अन्तर्राष्ट्रिय कानूनले प्रधान गरेको अधिकारलाई प्रयोग गर्न पाउने आदिवासीहरूको अधिकारलाई स्थापित गर्न आवश्यक कानून निर्माणका लागि सदनमा पहल गर्न र नियमित आवाज उठाउन हाम्रो उम्मेद्वार सक्षम हुनुहुन्छ ।

घ) जिल्लाको हिमाली क्षेत्र विशेष गरी पात्ले, जन्तरखानी, रावादोलु, भूसिंगा, खिजीफलाटेलगायतमा रहेको भूमि सम्वन्धि समस्या (जग्गा हदवन्दी) ले त्यसभेगका नागरिकहरू आक्रन्त छन् । एउटा बाली पाक्न एक बर्ष लाग्ने यस भूगोलमा ठूलो क्षेत्रफलमा खेती गर्दा समेत थोरै उत्पादन हुन्छ । ठूलो क्षेत्रमा खेती गरी जीवनयापन गर्दै आएका यहाँका बासिन्दाहरू अहिले राज्यले लगाएको ७५ रोपनीको सिमाका कारण आफूले बर्षौंदेखि खेतीपाती र संरक्षण गर्दै आएको जग्गा गुमाउनुपर्ने, बेचविखन गर्न नपाउने र हकहस्तान्तरण गर्दा ठूलो रकम खर्चिनु पर्नेलगायतका समस्या भोग्दै आएका छन् । यस्ता समस्यालाई नीतिगत रूपमा समाधान गर्न कानून नै शंसोधन गर्न जरूरी छ । यसका लागि हाम्रा उम्मेद्वारले संघीय संसदमा निरन्तर खबरदारी गर्ने, सरकारलाई दबाब दिई जग्गा हदबन्दीको सिमा बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुनेछ ।

ङ) सरकारले अघि सारेको संरक्षण, आरक्षण क्षेत्रलगायत सरकारी र सामुदायिक वनको अवधारणा प्रभावकारी र सकारात्मक भएपनि जंगली जनवारहरूको संरक्षणको नीतिले जंगलको क्षेत्र बढ्ने र कृषकहरूले लगाएका बालीनाली नष्ट गर्ने, जंगली जनवारको आक्रमणले बर्षेनी जसो दर्जनौं मानिसले ज्यान गुमाउनुपर्ने दुःखद् अवस्था

छ । मानव-जनवार द्वन्द्वको दिगो व्यवस्थापनका लागि सरकारले लिएको संरक्षण सम्वन्धि नीतिहरू सुधार गरिने छ । यसरी वनक्षेत्रमा सरकारले लिएको नीतिकै कारण चरिचरण क्षेत्र, खर्कहरू लोप हुँदा पशुपालनमार्फत जीवनयापन गरी रहेका ठूलो समूह पेशाबाट पलायन भई विदेशीनु पर्दा गाउँघरहरू शून्य प्रायः छन् । यस्ता समस्याको दीर्घकालिन समाधानको लागि नीतिगत पहल गरिने छ ।

## २) भौतिक पूर्वाधार तथा यातायात

'समृद्ध ओखलढुंगाको लागि दिगो पूर्वाधार'

**अवस्था** : ओखलढुंगामा धेरै सडक, पुल र खानेपानीलगायतका योजना अझै अधुरा छन् । ग्रामीण भेगमा यातायात र आधारभूत सुविधाको पहुँचमै समस्या छ ।

**प्रतिवद्धता** : अधुरा योजना पहिलो प्राथमिकतामा पूरा गरिनेछ । जिल्लाभर गौरवका आयोजना सञ्चालन गरिनेछ । सुरक्षित सडक, पुल, खानेपानी र विद्युत् सुविधा गाउँ-गाउँमा विस्तार गरिनेछ ।

- ✪ ओखलढुंगाका सबै ८ वटै स्थानीय तह जोड्ने मुख्य सडकहरू स्तरवृद्धिसहित कालोपत्रे गर्ने ।
- ✪ जिल्ला भित्रका सडकहरूलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने काम पुरा गर्ने ।
- ✪ निर्वाचन क्षेत्र 'क' मा निर्माणाधिन उच्चस्तरीय चक्रपथ निर्माण तत्काल सम्पन्न गरी कालोपत्रे गर्ने ।
- ✪ गौरवको योजनाका रूपमा गाउँलाई शहरसँग जोड्न सिनपा-मोलुङ-खिजीदेम्बा-लिखु-चम्पादेवी-सुनकोशी-मानेभन्ज्याङ-चिशंखुगढी-सिनपा उच्चस्तरीय चक्रपथ निर्माण गर्ने ।
- ✪ जिल्ला सदरमुकामको बसपार्कलाई व्यवस्थित गर्ने र जिल्लाका मुख्य-मुख्य बजार क्षेत्रमा बसपार्क निर्माण गर्ने ।
- ✪ चुलीदेवीथान-चम्पादेवी-दलिडाँडा हुँदै लिखु गाउँपालिका जोड्ने सडकलाई बहुबर्षिय योजनामा समावेश गर्ने ।

**उल्लेखित सडकहरू स्तरवृद्धिसहित कालोपत्रे गरिनेछ ।**

- ✪ नवलपुर-पलापु-ताप्केडाँडा-कोषभञ्ज्याङ सडक

- ✪ रानीवन-यसम-गाम्नाङटार सडक
- ✪ घोराखरी-विलन्दु-श्रीचौर सडक
- ✪ रूम्जाटार-माम्खा-लेकखर्क-चिसापानी-नेचा-विहीवारे सडक
- ✪ ओखलढुङ्गा-सल्लेरी-वेतिनी-पारादोभान सडक
- ✪ शिरिषे-पोखरीडाडाँ-चुली-चेप्टे श्रीचौर सडक
- ✪ रूम्जाटार चार्खु - वेलबोटे- खानीभञ्ज्याङ्ग सडक
- ✪ रूम्जाटार-माम्खा-रातमाटे-खानीभञ्ज्याङ्ग सडक
- ✪ मिलनचोक-निशंखे-रबुवा-खानीभञ्ज्याङ्ग-कुईभिर सडक
- ✪ निर्माणाधिन रामपुर-प्राप्चा-श्रीचौर-खिजीफलाटे-खिजीकाती, रावादोलु-भुसिंगा

**सडकको काम सम्पन्न गर्ने**

- ✪ निशंखे जयरामघाट सडक
- ✪ झाँप्रे-तालकोट-खिजिफलाटे सडक
- ✪ मोलुङदोभान-बलखु-सिस्नेरी-मूलखर्क-कटुञ्जे कोषहाट-ककनी सडक
- ✪ मूलखर्क, फलाटे-चिउरीडाँडा-खिजीफलाटे सडक
- ✪ लिखु दोभान-बलखु भञ्ज्याङ-यसम सडक
- ✪ साँघुटार, कोषहाट-ओखलढुंगा-सिलौरी सडक योजना पूरा गर्ने ।
- ✪ लिम्ती-खिजीफलाटे-बन्से, ओखरबोट-प्राप्चा हुँदै सदरमुकाम जोड्ने सडक कालोपत्रे गर्ने ।
- ✪ धारापानी-ताउर-रिपाल-दोराखर्क-फाप्रे-छेर्मादिङ हुँदै टुक्सिन्दोबाट ढिकुरे हुँदै धाप जोड्ने सडकलाई स्तारोन्नती गरी बाह्रै महिना सञ्चालन हुने बनाउने ।
- ✪ मूलखर्क-च्यानम-ज्यामिरे-ओखलढुंगा सडक कालोपत्रे
- ✪ काचापु-भूसिंगा-थाम-भुक्तेल-कुण्डली हुँदै वडा नं ३ को जिरो किलो हुँदै मानेबाट खिजीफलाटे सडकलाई स्तरोन्नती गर्ने ।
- ✪ सञ्जावारी-पोखरेडाँडा-लाम्जेबौद्ध-चुलीदेवीथान-कोप्चे-महवीर माथिल्लो योलुङ खोला चेप्टे मंसिरे सडक स्तरोन्नती गर्ने ।
- ✪ खानीभन्ज्याङ वित्लव हुँदै कुईभीर सडक स्तरोन्नती गर्ने ।
- ✪ चिसंखुगढी गापा हुँदै कालिमाटी ठूलढुंगा देउराली सडक स्तरोन्नती गर्ने ।
- ✪ खोपीखर्क-तुरतुरे-ताक्लुङ हुँदै झाँप्रेबाट धाप जोड्ने सडक स्तारोन्नीत गर्ने ।
- ✪ मोलुङ दोभान-बलखुभन्ज्याङ-पलापु-चिउरीडाँडा-यसम-रगनी- चण्डेश्वरी-पुस्पाते-पिपलडाँडा-लम्चेर-साब्रा सडक

- ✪ लिम्ती-पोकली झरना-ककनी सडकलाई पूरा गर्ने
- ✪ सिल्खुवेशी-चिप्लिङ-टाउके-फेदीगुठ-ककनी सडक सम्पन्न गर्ने
- ✪ गोरूमारेभन्ज्याङ-सल्लेरी-वेतीनी आम्जानी-ढाँडखोला मोलुङ एकवार सडक कालोपत्रे गर्ने
- ✪ केतुके-मोली- निशंखे सडक
- ✪ मानेभन्ज्याङ ढाँडवैँशी सिस्नेरी सडक सुनकोशी पुल जोड्ने
- ✪ मोलुङदोभान-डाँडाजेरूङ-सिस्नेरी सडक
- ✪ सिस्नेरी -मूलखर्क सडक
- ✪ लिम्ती-बोलगती-चुली-श्रीचौर हुँदै सदरमुकाम ओखलढुंगा सडक कालोपत्रे गर्ने
- ✪ सिरिसे-टारकेराबारी- मजुवा- पोखरी-चली सडक कालोपत्रे
- ✪ सिल्खु-होक्से-लिखु पालिका-मझुवा-भन्ज्याङ हुदै माउर-सास्नालु-कुलबन खिजीफलाटे सडक स्तरोन्नती गर्ने ।
- ✪ शिरिसे-गाम्नाङ-पोखरी चुली सडक कोलोपत्रे
- ✪ घोराखोरी-विलन्दु-भोटेचौर-श्रीचौर सडक
- ✪ चम्पादेवी ७ कोलचौर, खड्का गाउँ मोटरबाटो पूर्ण रूपमा सञ्चालन गर्दै मोटेरेवल पुल निर्माण ।
- ✪ चम्पादेवी पालिका केन्द्रदेखि भागेचित्रे हुँदै गोपि, आचमारा, बासभोटे हुँदै फेदीगुठसम्मको सडक स्तरबृद्धिसहित ठाउँठाउँमा मोटेरेवल पुल निर्माण गर्ने ।
- ✪ दुब्ले फलाटे थारे, बन्से, सिरूवानी हुँदै साल्मे, छेर्मादिङ फाप्रे हुँदै खिजीफलाटे सडक स्तरोन्नती गर्ने ।
- ✪ खड्का गाउँमा उत्पादन भएका कृषि उपजलाई बजारीकरणका लागि टाँडी खेतसम्म सडक निर्माण गर्ने ।
- ✪ आधुरा रहेका खानिभज्याङबजारदेखि तिनधारे भिमसेनस्थानसम्म सडक ढलान गर्ने ।
- ✪ मानेभञ्ज्याङ ठुलिबेसि बानाखु सडक
- ✪ मानेभञ्ज्याङ ८ कुम्लिङ राघबपुर मानेभञ्ज्याङ सडक

**सडक पुलतर्फ**

- ✪ सडक विस्तार भएका तर पुल नभएका जिल्लाका सबै खोलाहरूमा मोटेरेवल पुल निर्माण गर्ने ।
- ✪ सुनकोशी नदी पुल (बलखु-फिक्कल सिन्धुली जोड्ने) निर्माण गर्ने ।

- ✪ खिजीदेम्बा ५ चोक्ती खोला सडक पुल निर्माण गर्ने ।
- ✪ मोलुङ खोला पुल निर्माण गर्ने ।
- ✪ चिशंखुगढी १ बाङ्गे खोला मोटरेवल पुल निर्माण गर्ने ।
- ✪ पारा दोभान सडक पुल (मोलुङ-सिद्धिचरण) निर्माण गर्ने ।
- ✪ खिजीदेम्बा ६ र ९ (साल्मे-घुन्सा) जोड्ने मोलुङ खोला पुल निर्माण गर्ने ।
- ✪ सिरूवानी खोला मोलुङ ६ सडक पुल निर्माण गर्ने ।

### ३. कृषि तथा पशु विकास

**'किसानका हातमा प्रविधि, आत्मनिर्भर कृषि'**

**अवस्था** : कृषि ओखलढुंगाका नागरिकको मुख्य पेशा र आयआर्जनको आधार हो । तर, कृषि परम्परागत छ, बजार र प्रविधिको अभावले कृषक निराश छन् । युवाको रोजगारी समस्या गम्भीर छ ।

**प्रतिवद्धता** : आधुनिक कृषि प्रविधि, अनुदान, बजार सुनिश्चितता र युवालाई लक्षित स्वरोजगार कार्यक्रम लागू गरिनेछ ।

आधुनिक प्रविधि, बजार पहुँच र युवालाई लक्षित रोजगारी कार्यक्रममार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गरिनेछ । कृषिमा युवालाई आकर्षित गराएर कृषि मार्फत नै किसानको समृद्धि खोज्ने कार्यक्रम ल्याइने छ ।

- ✪ ओखलढुङ्गाका ८ वटै पालिकाको केन्द्रमा कृषि बजार, एकीकृत सेवा केन्द्र र कृषि तालिम केन्द्र स्थापना गर्ने ।
- ✪ उत्पादन भएको कृषि उपज संकलन र भण्डारणको व्यवस्था मिलाई बजारीकरणका लागि एक पालिका एक कृषि एम्बुलेन्सको व्यवस्था गर्ने ।
- ✪ एक पालिका एक चिस्यान केन्द्र स्थापना गर्ने ।
- ✪ खेतियोग्य भू-भागलाई पकेट क्षेत्र घोषणासहित व्यवसायिक कृषि प्रणालीमार्फत ओखलढुंगालाई खाद्यन्नमा आत्मनिर्भर बनाउने ।
- ✪ बाँदरलगायत जंगली जनवारबाट बालीनाली नष्ट गरी कृषकहरूले ठूलो क्षति व्यहोर्नुपर्ने बाध्यात्मक अवस्थालाई न्यूनिकरण गर्न जंगली जनवारको उचित व्यवस्थापन (जंगलमा फलफुल खेती, बाँदर बन्ध्याकरण, तारजाली घेरा निर्माण लगायत) काम गर्ने ।
- ✪ कृषिमा आकर्षण बढाउन तालिम र अनुदानको व्यवस्था गर्ने ।
- ✪ सहुलियत ऋण, बीउ-बिजन र मलखाद समयमै उपलब्ध गराउन पहल गरी कृषकहरूलाई प्रोत्साहन गर्ने । त्यस्तै, चौंरी पालन प्रबर्द्धन, भेडा विकास र बाख्रा पकेट क्षेत्र विस्तार गर्ने ।

- ✪ सिंचाइ सुविधा विस्तार गरी वर्षामा मात्र निर्भर कृषिको अन्त्य गर्ने ।
- ✪ सुनकोशी र दुधकोशी नदि किनारको सुख्खाग्रस्त क्षेत्रका खेती योग्य जमिनमा सिंचाईको सुविधा पु¥याउने ।
- ✪ आधुनिक कृषि प्रविधि र तालिममार्फत उत्पादन बढाउने ।
- ✪ पशु पालन व्यवसायलाई प्रवर्द्धन गर्दै ओखलढुंगालाई मासु र दुधमा आत्मनिर्भर बनाउने र लेकाली क्षेत्रमा छुर्पी उत्पादनमार्फत आयआर्जन वृद्धि गर्ने ।
- ✪ किसानका उत्पादनको उचित मूल्य र बजार सुनिश्चित गर्न नीतिगत पहल गर्ने ।
- ✪ खस्रे, सोलाघर, गैरी, पात्ले, जन्तरखानी, चर्नालुलगायत माथिल्लो क्षेत्रमा परम्परागत रूपमा गरिँदै आएको बुँङको आलु खेतीलाई ब्राण्डको रूपमा विकास गर्न अर्गानिक प्रमाणिकरणसहित बजार विस्तार गर्ने ।
- ✪ सम्भाव्यता अध्ययन गरेर माथिल्लो क्षेत्रमा स्याउ खेती विस्तार गर्ने ।
- ✪ परम्परागत खेती प्रणालीलाई सुधार गर्दै किसानले तत्काल आयस्रोत बढाउन सक्ने फलफुल तथा तरकारी खेती विस्तार गर्ने ।

**४. शिक्षा, मानव पूँजी निर्माण**

**'शिक्षामा सुधार, उज्जवल भविष्यको आधार'**

**अवस्था** : सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ । प्राविधिक र सीपमूलक शिक्षाको पहुँच सीमित छ ।

**प्रतिवद्धता** : विद्यालय शैक्षिक गुणस्तर सुधार, शिक्षक क्षमता विकास र सीपमूलक शिक्षा विस्तार गरी शिक्षालाई रोजगारसँग जोडिनेछ । शिक्षा बिना दिगो विकास सम्भव छैन । सामुदायिक विद्यालयको गुणस्तर सुधार, सीपमूलक शिक्षा र सबैका लागि पहुँचयोग्य शिक्षामा हाम्रो प्रतिबद्धता रहनेछ । प्रविधिमैत्री र प्राविधिक शिक्षाको व्यवस्था गाउँघरकै सामुदायिक विद्यालयमा गरिने छ । आगामी दिनमा छोराछोरीको शिक्षाका लागि गाउँछाडेर सहर बसाइँ जानुपर्ने बाध्यताको अन्त्य गरिनेछ ।

- ✪ सामुदायिक विद्यालयको शैक्षिक विकास र गुणस्तर सुधार गर्दै व्यवहारिक शिक्षा प्राप्त गर्न प्राविधिक तथा बहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- ✪ व्यवहारिक शिक्षामार्फत रोजगारीका अवसर सिर्जना गर्ने ।
- ✪ एक स्थानीय तह एक क्याम्पस स्थापना गर्ने र भएका क्याम्पसलाई स्रोत साधनले सम्पन्न बनाउने ।
- ✪ सामुदायिक विद्यालयहरूमा विद्यामान जनशक्ति अभावलगायतका समस्यालाई

ध्यानमा राख्दै दरबन्दी अनुसार शिक्षक कर्मचारी व्यवस्था गर्ने ।

- भवन अभाव रहेका विद्यालयमा सुविधासम्पन्न आधुनिक भवन निर्माण गर्ने ।
- भौगोलिक रूपमा विकट रहेको क्षेत्रमा एक वडा एक माध्यमिक विद्यालय स्थापना गर्ने ।
- दुर्गम क्षेत्रमा रहेका विद्यालयहरूमा 'स्कूल बस' तथा छात्राबासको व्यवस्था गर्ने ।
- धार्मिक विद्यालयहरूमा दक्ष शिक्षकको व्यवस्था गर्ने ।
- सामुदायिक विद्यालयहरूमा विद्यालय नर्स, छात्रावृत्ति तथा अक्षयकोष स्थापना गर्ने ।
- स्थानीय जातिजातिको जनघनत्वलाई ध्यानमा राख्दै मातृभाषा शिक्षा पठनपाठन प्रभावकारी बनाउन स्थानीय सरकारसँग समन्वय गरी काम गर्ने ।
- समयसापेक्ष प्रविधिमैत्री शिक्षा, तालिम र पृष्ठपोषण प्रदान गर्ने नीतिगत पहल गर्ने ।
- दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउने ।
- सबै विद्यालयहरूमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याप र कम्प्युटर शिक्षकको व्यवस्थापन गर्ने ।
- प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गर्ने ।
- चौंरी लगायत गोठहरू वा भौगोलिक विकटता रहेको ठाउँहरूमा बसोबास गर्ने घरपरिवारका बालबालिकाको लागि घुम्ती विद्यालय सञ्चालनका लागि नीतिगत पहल गर्ने ।



**अब ओखलढुंगालाई**
**वाचा होइन, काम चाहिएको छ ।**
**नारा होइन, नतिजा चाहिएको छ ।**
**त्यसैले यस पटक**
**अम्बिरबाबु गुरुङलाई**
**भोट हालौं तारा चिन्हमा !**

## ५. स्वास्थ्यः

**'स्वास्थ्य जाँच र उपचार, समृद्ध समाजको आधार'**

**अवस्था** : अस्पताल र स्वास्थ्य चौकीमा जनशक्ति, उपकरण र औषधि पर्याप्त छैन । ग्रामीण क्षेत्रका नागरिकमा स्वास्थ्य जाँच तथा उपचार सेवा नपाउँदा सामान्य स्वास्थ्य जाँच तथा उपचारका लागि अन्यन्त्र धाउनुपर्ने बाध्यता छ ।

**प्रतिवद्धता** : स्वास्थ्य संस्था सुदृढीकरण, निःशुल्क औषधि, एम्बुलेन्स सेवा र गाउँमै आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय उपचार र निःशुल्क स्वास्थ्य सुविधालाई सुनिश्चित गरिनेछ ।

✪ ओखलढुङ्गाका ८ वटै स्थानीय तहमा १५ शैय्या र जिल्लामा ५० शैय्याका अस्पताल निर्माण सम्पन्न गरी प्रभावकारी र दिगो रूपमा सञ्चालन गर्ने ।

✪ ७५ वटै वडामा दक्ष जनशक्ति, औषधी, उपकरण र प्रविधिको व्यवस्थापन गरेर गाउँमै गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने ।

✪ जिल्ला अस्पताल रूम्जाटारलाई आधुनिक अस्पतालका रूपमा विकास गरी सुविधा सम्पन्न बनाउने ।

✪ सामुदायिक अस्पतालको सेवा थप प्रभावकारी बनाउन नीतिगत पहल गर्ने ।

✪ एम्बुलेन्स नभएका स्थानीय तहहरूमा एम्बुलेन्स उपलब्ध गराई विपन्न वर्गका नागरिकलाई निःशुल्क सेवा उपलब्ध गराउन नीतिगत पहल गर्ने ।

✪ सुरक्षित मातृत्व एवम् पोषण सुधारका कार्यक्रम ल्याइने ।

✪ वर्थिङ सेन्टरहरू गाउँ गाउँमा सञ्चालन गरि प्रसुति सेवालाई प्रभावकारी बनाउने ।

✪ सिद्धिचरण नगरपालिकाको जन्तरखानी, विगुटार, मोलुङ, लिखु, चम्पादेवी र खिजीदेम्बाको माथिल्लो क्षेत्रमा पाईने जडीबुटीहरूको अनुसन्धान गरी प्रशोधन केन्द्र र औषधी उत्पादन केन्द्र स्थापना गर्ने ।

✪ आयुर्वेद तथा योग कार्यक्रम विस्तार गरिने ।

✪ अपांगता भएका व्यक्तिहरूको अधिकार भौतिक पूर्वाधार सुविधा लगायत फरक क्षमता भएकाहरूलाई रोजगारी, औषधोपचार लगायतमा नीतिगत व्यवस्था गरी सहयोग गर्ने ।

✪ अपाङ्गता भएका व्यक्ति, परिवारहरूका लागि रोजगारी, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा सेवासुविधा बृद्धि र दीर्घकालिन आयआयर्जनसँग सम्वन्धित परियोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**६. विद्युत**

**'जोडेर प्रशारण लाइन कुइभिर-भुसिंगा, बनाइने छ उज्यालो ओखलढुंगा'**

**अवस्था** : विद्युत विस्तारको योजना सुस्त छ । धेरै ठाउँमा केन्द्रीय विद्युत लाइन विस्तार हुनसकेको छैन । विद्युत् लाइन पुगेका क्षेत्रमा पनि अनियमित आपूर्ति नहुँदा जनजीवन प्रभावित छ ।

**प्रतिवद्धता** : जिल्लाका सबै घरधुरीमा भरपर्दो विद्युत् पुऱ्याई, लाइन सुदृढीकरण गरेर ओखलढुंगालाई उज्यालो र उत्पादनशील बनाइनेछ । विद्युतिय उद्योग स्थापना गरेर युवालाई उत्पादनमा जोडिने छ ।

- उज्यालो ओखलढुंगा निर्माण अभियानलाई पूर्णता दिन जिल्लाको ८ वटै स्थानीय तहको सबै घरधुरीमा राष्ट्रिय प्रसारण लाइन जोड्ने ।
- स्थानीय खोलाहरूमा उत्पादन भएका लघुजलविद्युत आयोजनाहरूलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने ।
- विभिन्न जलविद्युत आयोजनाहरूलाई व्यवस्थित र निर्माणाधिनहरूलाई कानूनी उल्जनहरूबाट मुक्त गरी समयमा नै निर्माण सम्पन्न गराउने ।
- जलविद्युत तथा ठूलो आयोजना निर्माण क्षेत्रमा प्रभावितहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने ।
- जिल्लामा सञ्चालित सञ्चारमाध्यम, कल्याणकारी संस्थाहरूका लागि निःशुल्क विद्युत उपलब्ध गराउन नीतिगत पहल गर्ने ।
- दुधकोशी ६३५ मेगावट जलविद्युतलाई समयमै सम्पन्न गर्न पहल गर्ने
- जलविद्युत निर्माणका क्रममा विस्थापित तथा क्षति व्यहोर्न परेका घरपरिवार तथा आदिवासी समुदायलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न पहल गर्ने ।

**७. पर्यटन, संस्कृति र नागरिक उड्ययन**

**'पर्यकटीय पूर्वाधार, आर्थिक समृद्धिको आधार'**

अवस्था : ओखलढुंगामा पर्यटनको प्रचुर सम्भावना छ । तर पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास र प्रचारप्रसार हुननसक्दा विश्वको ध्यान तान्न सक्ने सामार्थ्य बोकेका पर्यटकीय क्षेत्रहरू पनि ओभेलमा छन् ।

प्रतिवद्धता : प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढाइने छ । पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य राखेर जिल्लाको पर्यटन प्रवर्द्धन गरी स्थानीय उद्यम र रोजगारी सिर्जना गरिनेछ । सामुदायिक होमस्टे र कोशेलीघर सञ्चालनमा प्रोत्साहन गरिने छ ।

- ✪ चण्डेश्वरी विमानस्थल सम्पन्न गर्ने । जिल्लाका दुवै विमानस्थलहरू चण्डेश्वरी र रूम्जाटार विमानस्थलमा नियमित उडानको व्यवस्थापन मिलाउने ।
- ✪ ओखलढुङ्गा सदरमुकाम बजारलाई मौलिक र नमूना सहरका रूपमा विकास गर्ने ।
- ✪ थोलेदेम्वा महोत्सव, रूम्जाटार महोत्सव, पोकली झरना महोत्सवलगायतलाई निरन्तरता दिने । चम्पादेवी ककनी महोत्सव, लिब्जु महोत्सव आयोजना गर्ने, चिशंखुगढीसहितका गढी संरक्षण गर्ने ।
- ✪ ओखलढुङ्गालाई जैविक, सांस्कृतिक विविधता, प्राकृतिक सौन्दर्य अवलोकन र अध्ययनका लागि विज्ञहरूमार्फत योजना निर्माण गरी कार्य अघि बढाउने ।
- ✪ पोकली झरना हुँदै खिजीफलाटे बजार-देम्बाडाँडा-ताक्लुङ- पिके पर्यटकीय पदमार्ग निर्माण गर्ने ।
- ✪ पोकली, रातमाटे, सेप्ली, तीनछाँगे झरनालाई पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटकीय हबको रूपमा विकास गर्ने ।
- ✪ थोलेदेम्बा, चम्पादेवी ककनी मन्दिर, रूम्जाटार बौद्ध गुम्वा, श्रष्टा पार्क ओखलढुंगा, कोटगढी चिशंखुगढी, लिब्जु स्वालेवा पार्क मानेभञ्ज्याङ, किलखोरदिङ गुम्बा, नर्मदेश्वर मन्दिर, झार्कीथान, सिंहदेवी, भौरमथान, सेर्नेश्वर शिवालय मालिंगेजस्ता धार्मिक तथा पर्यटकिय स्थालहरूको पूर्वाधार विकासका लागि बजेट व्यवस्थापन गर्ने ।
- ✪ १०० राष्ट्रिय गन्तव्यको सूचिमा सुचिकृत भएका क्षेत्रहरूको पूवर्धार निर्माण सम्पन्न गर्ने ।
- ✪ विश्वको उच्च स्थानमा रहेको गल्फ कोर्ष मध्ये तेस्रो स्थानमा रहेको देम्बा गल्फ कोर्सको स्तरोन्नती गरी अन्तर्राष्ट्रिय स्तरको बनाउने ।
- ✪ खिजीदेम्बाको सुरीविरमा रहेको रक क्लाईविङ सेन्टरलाई व्यवस्थित र स्तरोन्नती गर्ने ।
- ✪ विभिन्न जातजातिको घाटहरूमा मलामी विश्रामालय, शबदहनशाला निर्माण गर्ने ।
- ✪ खरको छानासँगै फल्याक (काठ) को छाना मुक्त जिल्ला निर्माण गर्ने ।
- ✪ खिजीफलाटे थाम डाँडामा निर्माणधिन शान्ति स्रष्टापार्कलाई व्यवस्थित गर्ने ।
- ✪ तोलुगुम्बाको संरक्षण गरी पुरात्वतिक महत्वको धार्मिक स्थलको रूपमा विकास गर्ने ।
- ✪ सम्भाव्यता अध्ययन भई अघि बढेको योजना कुण्डली-थोलेदेम्बा केवल कार निर्माण गर्ने ।
- ✪ जातजातिको बाहुल्य रहेको विभिन्न गाउँहरूलाई 'सांस्कृतिक सम्पदा' घोषणा गरी घरबास कार्यक्रम सञ्चालन गर्ने । (जस्तैः खिजीदेम्बा ९ मा शेर्पा,

रूम्जाटारमा गुरूङ, सदरमुकाममा नेवार, पलापुमा मगर हेरिटेज)

- ✪ ओखलढुंगा विगुटार, रँागादीप, सेप्ली हुँदै तालकोट, छेर्मादिङ, दोराखर्कबाट देम्बा हुँदै पिकेबाट भ्काप्रे हुँदै धाप जोड्ने शेर्पा कल्चरल ट्रेल निर्माण गर्ने ।
- ✪ एक पालिका एक सहिदपार्कसहित बाल उद्यन निर्माण गर्ने ।
- ✪ चुप्लुभन्ज्याङमा रहेको देगेलिङ गुम्बामा बृद्धबृद्धाहरूका लागि आवाससहितको ध्यान केन्द्र निर्माण गर्ने ।
- ✪ पलापुमा पर्यटकीय पार्कसहितको मगर सांस्कृतिक संग्राहलय निर्माण गर्ने ।
- ✪ जिल्लामा रहेका गढीहरू कोटगढी चिसंखुगढी, तलुवागढी भोल्टेकोट गढी वुङनामगढी र ककनी, लिब्जु चागेस्थान, नर्मदेश्वर, पञ्चकन्या मोली चम्पादेवी, सिंहदेवी भैरवस्थान जस्ता धार्मीक स्थानको भौतिक पूर्वाधार विकास गर्ने ।
- ✪ देम्बा, लगलगे, थामडाडाँ, कोषभञ्ज्याङ, मालिङ्गे डाँडा, माथिल्लो मैदाने डाँडा, तिनतले चुली लगायतका पर्यटकीय स्थानहरूमा चलचीत्र छायाँकनका लागि पूर्वाधार निर्माण गर्ने ।
- ✪ पलापु पर्यटकीय पार्क सहित मगर जातिको संग्राहालय निर्माण गर्ने ।
- ✪ जिल्लामा प्रवेश गर्ने प्रमुख नाकाहरूमा आर्कषक स्वागतद्धार निर्माण गर्ने ।
- ✪ सुनकोशी, दुधकोशी र लिखुमा न्याफटीङ संचालनका लागि आधार निर्माण गर्ने ।
- ✪ सम्भाव्यता अध्ययन गरी जिल्लाको विभिन्न स्थानहरूमा प्याराग्लाइडिङ संचालन गर्ने ।
- ✪ सिद्धिचरण नपा ५ उधिनढुंगामा रहेको ऐतिहासिक सोनाम छोलिङलगायतका जिल्लाका सबै गुम्बाहरू निर्माण, मर्मत, व्यवस्थापन तथा पुनः निर्माण गरिने ।
- ✪ विस्तृत परियोजना प्रतिवेदन तयार भईसकेको खिजीफलाटे बजारलाई नमूना सहर बनाइने र जिल्लाका मानेभञ्ज्याङ, रामपुर, मूलखर्क फलाटे, घोराखोरीलगायतका ऐतिहासिक पुराना बजार क्षेत्रमा बजार विकास गरिने ।
- ✪ सबै पालिकामा एकीकृत वस्ति विकासको योजना अघि बढाइने ।
- ✪ चिशंखुगढी-४ मेन्दोक छोलिङ गुम्बा पुनः निर्माण, खस्रेको पर्यटकीय क्षेत्रमा बुद्धको मूर्तिसहित बुद्धपार्क निर्माण र पोखरी संरक्षण ।
- ✪ पिरिङ्खर्कमा शेर्पा संग्राहालयसहितको बुद्धपार्क निर्माण ।
- ✪ पैदलमार्ग भएर सगरमाथा जाने, हलेसी जाने र ओखलढुंगा घुम्न आउने पर्यटकका लागि हर्कपुर र हिलेपानीमा रिफ्रेसपार्क बनाउने

## ८. खानेपानी र सिंचाइ

**'ओखलढुंगा जलस्रोतको खानी, पुऱ्याइनेछ घरघरमा पानी'**

**अवस्था** : ओखलढुंगामा खानेपानीका स्रोत पर्याप्त भए पनि व्यवस्थापन कमजोर हुँदा धेरै नागरिकहरू अझै स्वच्छ र नियमित पानीबाट वञ्चित छन् । सुख्खाग्रस्त क्षेत्रमा सिंचाईको सुविधा पुग्नसकेको छैन ।

**प्रतिवद्धता** : सबै बस्तीमा दिगो स्रोत संरक्षणसहित एकघर–एक स्वच्छ पानीको धारा सुनिश्चित गर्दै स्वच्छ, सुरक्षित र निरन्तर खानेपानी सेवा विस्तार गरिनेछ । मुहानको समस्या रहेका ठाउँहरूमा लिफ्टीङ प्रविधि मार्फत पानी ल्याएर वितरण गरिने छ । खेतीयोग्य जमिनमा सिंचाईको सुविधा पुऱ्याइने छ ।

- ✪ सुख्खाग्रस्त र खानेपानीको समस्याग्रस्त ठाउँहरूमा वैकल्पिक माध्यमबाट खानेपानी तथा सिंचाइको व्यवस्थापन गरी दिगो व्यवस्थापनका लागि परियोजनाहरू सञ्चालन गर्ने ।
- ✪ मुहान संरक्षण, लिफि्टङको माध्यमबाट खानेपानी तथा सिंचाइको प्रयोजनका लागि योजनाहरू समयमै सम्पन्न गर्ने ।
- ✪ जिल्ला सदरमुकाम, पालिका केन्द्रहरू र शहरीकरण उन्मूख ठाउँमा बृहत खानेपानी आयोजना सञ्चालन गर्ने ।
- ✪ खेतियोग्य जमिनमा व्यवस्थित सिंचाइको व्यवस्था गर्ने ।
- ✪ मुहान संरक्षण, कच्ची कुलोलाई ढलान तथा पाइपका माध्यमबाट दिगो सिंचाइको व्यवस्था गर्ने ।
- ✪ सुनकोशी, दुधकोशी र लिखु किनारमा नदी कटानका कारण क्षति भएका खेती योग्य जमिनहरूलाई पहिला कै अवस्थामा ल्याउन तडबन्ध निर्माण गर्ने ।
- ✪ बाढी पहिरो, भूक्षय नियन्त्रणका लागि उपायहरू अबलम्बन गर्ने ।
- ✪ सिम्लेबेसी, माटेबेसी, ठुलिबेसी सिकापु सिचाइ योजना व्यवस्थित रूपमा निर्माण गर्ने ।
- ✪ मोलुङ लिफ्टिङ आयोजनालाई पूर्णता दिने ।

## ९. उद्योग

**'गाउँगाउँमा उद्योग, घरघरमा रोजगारी'**

**अवस्था** : ओखलढुङ्गामा उद्योगको अभाव र सीमित रोजगारीका कारण गाउँका युवाहरू रोजगारी खोज्दै बाहिरिन बाध्य छन् । वर्षेनी विदेश पलायनहुने क्रम बढ्दो छ ।

**प्रतिवद्धता** : स्थानीय स्रोतमा आधारित गाउँगाउँमा उद्योग स्थापना गरी घरघरमा रोजगारी सिर्जना गरिनेछ । युवालाई सिपमूलक कार्यक्रममा सहभागी गराएर उद्यमी बनाइ गाउँमै आत्मनिर्भर गराउन नीतिगत पहल गरिनेछ ।

- ✪ एक स्थानीय तह एक उद्योग ग्राम विकास गर्ने ।
- ✪ उद्योगमा संलग्न उद्यमीहरूलाई सहुलियत ऋण र अनुदानको व्यवस्था गरी लगानीकर्तालाई आर्कषित गर्न विद्युत, खानेपानी, उपकरण खरीदमा छुट दिने कानून बनाउन भूमिका खेल्ने ।
- ✪ स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग सञ्चालककलाई प्रोत्साहन, ऋण र पुरस्कारको व्यवस्था गर्ने ।
- ✪ युवाहरूलाई उद्यमशिलतामा जोड्न सामुहिक उद्योग व्यवसाय तथा कलकारखाना स्थापनाको लागि युवा उद्यमशिलता कार्यक्रम अन्तर्गत अनुदान दिई स्वरोजगार बनाइने छ ।
- ✪ विदेशीपर्ने बाध्यताको न्यूनिकरण गर्ने र विदेशबाट फर्किएका युवालाई स्वदेशमै उद्यम गरेर बस्न प्रोत्साहन गर्ने ।

### १०. खेलकूद

**अवस्था** : ओखलढुङ्गामा खेलमैदान, प्रशिक्षण र संरचनाको अभावले खेलकुद प्रतिभा प्रोत्साहन र विकास हुन सकेको छैन ।

**प्रतिवद्धता** : आधुनिक खेलमैदान, नियमित प्रशिक्षण र प्रतिभा पहिचानमार्फत ओखलढुंगालाई खेलकुदको केन्द्र बनाइनेछ ।

- ✪ एक स्थानीय तहमा एक प्रदेशस्तरीय खेल मैदान निर्माण गर्ने ।
- ✪ एक वडा एक खेल मैदान निर्माण गर्ने ।
- ✪ निर्माण भएका खेलमैदानहरूको स्तरोन्नती गर्ने ।
- ✪ विद्यालयहरूमा खेल प्रशिक्षकको व्यवस्थापन गर्ने ।

**अनुरोध ओखलढुंगेली मतदाता सारामा**
**विकास र सुशासनका लागि भोट हालौं तारामा**

- ✪ आम नागरिकलाई शारीरिक र मानसिक हिसावले स्वस्थ र तन्दुरूस्त राख्न व्यायमशाला र योगकेन्द्र स्थापना गर्ने ।
- ✪ एक स्थानीय तह एक व्यवस्थित कर्भड हल निर्माण गर्ने ।
- ✪ स्मृतिकप, विभिन्न प्रतिष्ठान/युवा क्लव लगायतले आयोजना गर्दै आएको विभिन्न खेलकूद प्रतियोगितालाई निरन्तरता दिन आवश्यक आर्थिक व्यवस्थापन गर्ने ।
- ✪ साइकिलिङ, म्याराथन, गल्फ लगायतका खेलकूद प्रतियोगिताहरू सञ्चालन निरन्तरता दिने व्यवस्था मिलाउने ।

## १२. युवा, महिला र समावेशिता

**अवस्था** : युवा अवसर विहीन छन्, महिला र पिछडिएका समुदाय अझै पछाडी पारिएका छन् ।

**प्रतिवद्धता** : युवा, महिला र पछाडि परेका समुदाय बिना विकास अधुरो हुन्छ समान अवसर, सशक्तीकरण र सामाजिक न्याय हाम्रो मूल प्राथमिकता हुनेछ । युवा नेतृत्व विकास, महिला सशक्तीकरण र सबै समुदायका लागि समान अवसर सुनिश्चित गरिनेछ ।

### क. युवा स्वरोजगारका लागि

- ✪ उद्यमशीलता तालिमः युवालाई व्यवसाय, कृषि-उद्योग, पर्यटन र आईटी/डिजिटल सेवा तालिम दिने ।
- ✪ साना व्यवसाय/स्टार्टअप समर्थनः ऋण सुविधा, ब्यापारिक काउन्सिलिङ र बजार पहुँच उपलब्ध गराउने ।
- ✪ कौशल विकास केन्द्रः हरेक गाउँमा व्यावसायिक सीप केन्द्र स्थापना गरी स्थानीय रोजगार सिर्जना गर्ने ।
- ✪ युवा रोजगार मेलाः नियमित रोजगार मेला आयोजना गरी निजी क्षेत्रसँग जोड्ने ।
- ✪ इन्टरनेट/डिजिटल रोजगारीः डिजिटल प्लेटफर्ममार्फत फ्रीलान्सिङ, डाटा इन्ट्री, अनलाइन व्यापारमा अवसर सिर्जना गर्ने ।

### ख. महिलाको हकअधिकार र आर्थिक सशक्तिकरण

- ✪ महिला आत्मनिर्भरता र सशक्तिकरणः साना व्यवसाय, कृषि सहकारी र उद्यममा महिलाको पहुँच स्थापित गर्ने ।

- शिक्षा र कानूनी साक्षरताः महिला हकअधिकार, सुरक्षा र समानताका लागि नीतिगत काम गर्ने ।
- स्वास्थ्य र सुरक्षा सुविधाः मातृ स्वास्थ्य, सुरक्षित यातायात, र महिला सुरक्षा केन्द्र स्थापना गर्ने ।

**ग. आयआर्ज र समावेशिता**

- समावेशी नीति कार्यान्वयनः दलित, आदिवासी, पिछडिएका समुदाय र फरकक्षमता भएकालाई रोजगारी, व्यवसाय र तालिममा प्राथमिकता दिने ।
- समान अवसर र भुक्तानी सुनिश्चितः सरकारी-सार्वजनिक योजना, रोजगारी र लाभमा सबै वर्गको समान पहुँच सुनिश्चित गर्ने ।

**१३. सुशासन र सूचना तथा सञ्चार**

'भ्रष्टाचारमाथि प्रहार, सुशासनको आधार'

**अवस्था** : ढिलासुस्ती, पहुँचको राजनीति र पारदर्शिताको कमीले जनविश्वास कमजोर बनेको छ ।

**प्रतिवद्धता** : पारदर्शी बजेट, सार्वजनिक सुनुवाइ, डिजिटल सेवा र भ्रष्टाचारविरूद्ध कडा कदम चालिनेछ । सुशासन बिना विकास अर्थहीन हुन्छ । पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताका साथ जनमुखी शासन प्रणाली स्थापित गरिनेछ । आर्थिक अनियमिततामा संलग्न भएका व्यक्तिलाई कानून अनुसार सजाय दिइने छ ।

- **सेवा सरल र छरितो बनाउने**

  नागरिक वडापत्र प्रभावकारी कार्यान्वयन, समयसीमा तोकेर सेवा दिने र ढिलासुस्तीमा शून्य सहनशीलता अपनाउने ।

- **भ्रष्टाचारविरूद्ध कडा निगरानी**

  सार्वजनिक खर्च, योजना र ठेक्कामा पारदर्शिता, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ अनिवार्य गर्ने ।

- **डिजिटल र खुला प्रशासन**

  उजुरी, सिफारिस र सेवामा डिजिटल प्रणाली लागू गरी बीचौलिया र अनावश्यक दौडधूप अन्त्य गर्ने ।

✪ **जनतासँग प्रत्यक्ष जवाफदेहिता**
नियमित जनसंवाद, मासिक सार्वजनिक प्रतिवेदन र जनप्रतिनिधिको कार्यसम्पादन खुला गर्ने ।

✪ **कानूनको कार्यान्वयन**
पहुँच र पहिचानमा नभई नियम र प्रक्रिया अनुसार निर्णय हुने प्रशासनिक संस्कार विकास गर्ने ।

✪ आवश्यक स्थानहरूमा टेलिफोन टावर निर्माण तदरूकताका साथ गर्ने ।

✪ सस्तो र तीव्र इन्टरनेट सेवाका अप्टिकल फाइबर विस्तारलगायतका कार्य गर्ने ।

✪ नेपाल पत्रकार महासंघ, ओखलढुंगाको निर्माणधिन भवन निर्माण सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने ।

✪ सञ्चारमाध्यमहरूको क्षमख  ख ता विकास, दिगो व्यवस्थापनका लागि अनुदान, उपकरण सहयोग गर्ने नीति बनाउने ।

✪ क्रियाशिल पत्रकारहरूलाई लेखनवृत्तिलगायत विभिन्न तालिमहरूको अवसर प्रदान गर्ने ।

✪ पत्रकारिता अध्ययन गर्न चाहने युवाहरूका लागि छात्रवृत्तिको व्यवस्थापन गर्ने ।

✪ व्यवसायिक पत्रकारिताको प्रवर्द्धनका लागि विभिन्न पुरस्कार तथा अक्षयकोष स्थापना गर्ने ।

✪ पत्रकारितामा दीर्घसेवा गरेका जेष्ठ/अग्रज पत्रकारलाई निवृत्तिभरणको व्यवस्थाका गर्ने नीति निर्माणको पहल गर्ने ।

**प्रमुख प्रतिबद्धताः**

हामीलाई सुझावका रूपमा प्राप्त भएका योजना र ओखलढुंगाको समृद्धिका लागि अपरिहार्य रहेका आयोजनालाई यो प्रतिवद्धता पत्रमा समावेश गरिएको छ । यो प्रतिवद्धता पत्रमा उल्लेख भएका कार्यहरू मात्रै होइन जिल्लाका हरेक नागरिकको माग र आवश्यकतालाई सम्बोधन हुनेगरी कार्यसम्पादन गर्ने प्रतिवद्धता व्यक्त गर्दै तारा चिन्हमा मतदात गरि ओखलढुङ्गाको विकासका लागि एक पटक यसै पटक विकासवादी नेता अम्बिरबाबु गुरूङलाई अत्याधिक मतले विजयी गराईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

## परिचयः

राजनीतिसँगै समाज रूपान्तरणमा अहोरात्र खट्दै आउनु भएका अम्बिरबाबु गुरूङ ओखलढुङ्गाका स्थापित नेता हुनुहुन्छ । सिद्धिचरण नगरपालिका-४ रूम्जाटारका स्थायी बासिन्दा गुरूङ तत्कालिन नेकपा एमालेबाट प्रदेश नं. १ को प्रदेश सभा सदस्य निर्वाचित भई प्रदेश नं. १ मा भौतिक पूर्वाधार विकास मन्त्री हुनु भएको थियो ।

मालेकालीन समयमै नेकपा मालेको सदस्यता लिएर राजनितिमा होमिनुभएका गुरूङ ०५३ सालमा नेकपा एमालेको जिल्ला कमिटी सदस्य भएर काम गर्नुभयो । ०५४ को स्थानीय निर्वाचनमा रूम्जाटार गाविसमा गुरूङकै कमाण्डमा एमालेले निर्वाचन परिचालन गरेको थियो । पहिलो पटक रूम्जाटारमा कम्युनिष्टहरूलाई जिताएर चर्चामा आउनु भएका गुरूङ ०५६ सालको प्रतिनिधीसभा सदस्यको निर्वाचनमा नेकपा माले (तारा चिन्ह) को तर्फबाट निर्वाचन क्षेत्र नं. १ बाट उम्मेदवार हुनुहुन्थ्यो ।

ओखलढुंगेली युवाहरू माझ लोकप्रिय नेता गुरूङले भौतिक पूर्वाधार मन्त्री हुँदा जिल्लामा अरबौं बजेट भित्र्याएर समृद्धीको पर्यायवाची र विकासवादी नेताको परिचय बनाउनुभयो । गुरूङले जिल्लाको विकास निर्माणमा मात्रै नभई विभिन्न व्यवसायमार्फत हजारौं युवाहरूलाई रोजगारी दिईरहनु भएको छ । गुरूङले अघि सारेका योजना, नीति र कार्यक्रमहरू ओखलढुङ्गालाई मुलुककै नमुना जिल्ला निर्माणको आधारशिला हुन् । भाषण भन्दा काममा बढी जोड दिने गुरूङ ओखलढुंगेली माटो सुहाउँदो नेता हुनुहुन्छ । तसर्थ, आगामी फागुन २१ गतेको संघीय सांसद (प्रतिनिधिसभा) को निर्वाचनमा उहाँलाई '**तारा चिन्ह**'मा मत दिई अत्याधिक बहुमतले विजयी गराउनु हुन अनुरोध गर्दछौं ।

हाम्रो अठोट
तारामा भोट



**तारा चिन्हमा मतदान गरी**
**प्रतिनिधिसभाका साझा उम्मेद्वार अम्बिरबाबु गुरूङलाई**
**अत्याधिक मतले विजयी गराऔं !**